# राष्ट्रिय चिया नीति २०५७

चियाको उत्पादन, प्रशोधन एवं व्यापारीक कारोवारमा निजीक्षेत्रको सहभागिता अभिबृद्धिगरी देशमा उपलब्ध संभावनाको दिगो र व्यवस्थित उपयोगद्धारा आय आर्ज न तथा रोजगारीको अवसरमा बृद्धि एवं बैदेशिक मूद्रा आर्जन गर्ने भरपर्दो श्रोतको रुपमा चियाको विकास गर्न राष्ट्रिय चिया तथा कफी बिकास बोर्ड ऐन, २०४९ मा अन्तर्निहित भावना अनूरुप श्री ५ को सरकारले राष्ट्रिय चिया नीति २०५७ स्वीकृत गरी लागू गरेको छ ।

**१. परिभाषाः**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नीतिमा

१.०१ "साना किसान" भन्नाले पहाडमा हदबन्दी छुटको सुबिधा लिई बढीमा ३५० रोपनी र तराईमा २५ विगाहा सम्म निजी जमीनमा चिया खेती गर्ने कृषकलाई जनाउंदछ ।

१.०२ "चिया कृषक" भन्नाले हदवन्दी छुटको सुविधा लिई उद्योग दर्ता गराई चिया खेती गर्ने लाई जनाउंदछ ।

१.०३ "सहकारी चिया खेती" भन्नाले सहकारी ऐन अन्तर्ग त गठन भै समूहगत रुपमा चिया खेती गरेकोलाई जनाउंदछ ।

१.०४ "चिया उद्योग" भन्नाले उद्योग दर्ता गरी हदबन्दी छुटको सुविधामा चिया खेती गरेको र आफ्नै प्रशोधन कारखाना भएकोलाई जनाउंदछ ।

१.०५ "चिया प्रशोधन कारखाना" भन्नाले चियाको हरियो पातलाई प्रशोधन गर्ने उद्योग वा कारखानालाई जनाउंदछ ।

१.०६ "चिया निर्यात" भन्नाले नेपालमा उत्पादीत चिया भारत लगायत अन्य मुलुकहरुमा निकासी गर्नेलाई जनाउंदछ ।

१.०७ "आयात कर्ता" भन्नाले भारत लगायत अन्य मुलुकबाट चिया पैठारी गरी विक्री वितरण गर्नेलाई जनाउंदछ ।

१.०८ "प्याकिङ" भन्नाले विभिन्न ग्रेडको तयारी चिया उपभोक्ताहरुको चाहना अनूसार ब्लेन्डीङ गरी ग्राहकवर्गका आवश्यकता अनुसार प्याकिङ्ग गरेर आफ्नो ट्रेडमार्कछाप लगाई विक्री गर्ने व्यवसायलाई जनाउदछ ।

१.०९ "चिया प्याकिङ्ग उद्योग" भन्नाले चिया प्याकिङ्ग गरी विक्री वितरण गर्ने उद्योगलाई जनाउंदछ ।

१.१० "चिया व्यवसायी" भन्नाले चियाको खेती प्रशोधन, आयात निर्यात, चिया प्याकिङ्ग र बजार व्यवस्था गर्ने कार्यलाई जनाउंदछ ।

१.११ "ग्रेस पिरियड" भन्नाले चिया खेतीका लागि ऋण प्रवाह गरिएको मिति देखि सांवा रकमको पहिलो किस्ता भुक्तानी गर्ने अवधिलाई जनाउंदछ ।

१.१२ "वोर्ड" भन्नाले राष्ट्रिय चिया तथा कफी विकास वोर्डलाई जनाउंदछ ।

१.१३ "सेस" भन्नाले चिया प्रशोधन गर्दा, निर्यात गर्दा र आयात गर्दा लाग्ने सेवा शुल्क लाई जनाउंदछ ।

१.१४ "बैंक" भन्नाले चिया व्यवसायमा लगानी गर्ने कृषि बिकास बैंक लगायतका बैंकहरु र वित्तीय संस्थालाई जनाउदछ ।

## २. उदेश्यहरुः

२.१ चिया खेतीमा निजीक्षेत्रको सहभागितामा बृद्धि गरी चियाको उत्पादनमा गुणात्मक एवं परिमाणात्मक बृद्धि हासिल गर्ने ।

२.२ चिया व्यवसायी र कृषकहरुलाई प्रोत्साहित गर्ने ।

२.३ आय आर्ज न र रोजगारीका अवसरहरु बढाई गरिवी निवारणमा सहयोग पुर्याउने ।

२.४ चियाको वजार प्रवर्द्धन गर्ने ।

२.५ चिया व्यवसायलाई दिगो र आकर्षक बनाउने ।

२.६ चिया खेती विस्तार गरी वातावरण संरक्षणमा सहयोग पुर्याउने ।

२.७ चिया बिकासको लागि संस्थागत बिकासको प्रवर्द्धन गर्दै जाने ।

२.८ आन्तरिक मागको आपूर्ति गरी चिया निर्यातद्धारा विदेशी मूद्रा आर्जनका अवसरहरु बढाउदै जाने ।

२.९ चिया व्यवसायको लागि आवस्यक अध्ययन, अनुसन्धान, प्रविधिको विकास र जनशक्ति बिकासमा जोड दिने ।

## ३. लक्ष्यहरुः

३.१ चिया खेतीले ढाकेको क्षेत्रफल आगामी ५ बर्षमा ४०८७५ हेक्टर पुर्याउने।

३.२ कूल चियाको उत्पादन आगामी १० बर्षमा ४६११1००० के.जी पुर्याउने ।

३.३ शूरुको ५ बर्षको अवधिमा थप ७९३१० जना नेपालीलाई रोजगारीका अवसरहरु उपलब्ध गराउने ।

३.४ अर्थोडक्स चियाको उत्पादन कूल उत्पादनको ६५ प्रतिशत सम्म पुर्याउने ।

## ४. नीति तथा कार्य नीतिहरुः

### ४.१ उत्पादन तथा प्रशोधनः

४.१.१ चिया खेती तथा प्रशोधन कार्यको लागि बैंकले प्राथमिकता प्राप्त कर्जा क्षेत्र सरहको न्युनतम व्याजदरमा ऋण प्रवाह गर्ने छन् ।

४.१.२ चिया खेतीको लागी उद्योग दर्ता भएपछि कूल परियोजना लागतको ८० प्रतिशत सम्म बैकले ऋण प्रवाह गर्ने छन् ।

४.१.३ चिया खेतीको लागी प्रवाह गरीएको ऋण पहाडमा अर्थोडक्स तथा हरियो चियालाई ७ बर्ष र तराईमा सी.टी.सी. चियालाई ५ बर्ष सम्म ग्रेस पिरीयड दिइने छ ।

४.१.४ ऋणको व्याजलाई ग्रेस पिरियडमा पूंजीकरण गरिने छैन ।

४.१.५ ग्रेस पिरियडको अवधिभर आयकर लाग्ने छैन ।

४.१.६ चिया खेतीमा लगानी भएको सम्पुर्ण ऋण ग्रेस पिरियड समाप्त भएको मितिले १० वर्ष मा सांवा तथा व्याज समेत तिरी सक्नु पर्नेछ ।

४.१.७ चिया खेतीको लागी जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तूरमा ७५ प्रतिशत छुट हुनेछ ।

४.१.८ चिया खेती गरिएको जग्गामा मालपोत छुटका लागि वोर्डले सिफारीस गर्नेछ ।

४.१.९ वन तथा भुसंरक्षण मन्त्रालय, भुमि सूधार तथा व्यवस्था मन्त्रालय, कृषि तथा सहकारी मन्त्रालय र राष्ट्रिय चिया तथा कफी विकास वोर्डको संयुक्त टोली बनाई सो टोलीले व्यवसायिक रुपले चिया खेती हुने जिल्लाहरुमा चिया खेती योग्य सरकारी जग्गा यकीन गरी बोर्ड मार्फत श्री ५ को सरकारमा सुझाव पेश गर्ने छ । सो सुझाबको आधारमा त्यस्ता जग्गाहरु चिया खेतीको लागि ५० वर्ष सम्मको लागी लिजमा उपलव्ध हुन सक्नेछ ।

४.१.१० लिज बापत प्राप्त रकम देहाय बमोजिमको कोषमा जम्मा हुनेछ ।

(क) ५० प्रतिशत श्री ५ को सरकारको राजस्वमा ।

(ख) ५० प्रतिशत चिया बिकास कोषमा ।

४.१.११ चिया खेतीमा सिचाई गर्न को लागि अन्य बालीलाई दिए सरहको पूंजीगत अनुदान दिने र सिंचाईको आयात गरिने पाइप, उपकरणहरु आयत गर्दा कृषि उपकरणहरु सरहको मात्र भन्सार महशुल लाग्नेछ ।

४.१.१२ चिया प्रशोधन उद्योगलाई आवश्यक पर्ने मेसिनरीहरु आयात गर्दा कृषि उपकरणहरु सरह मात्र भन्सार महशुल लाग्नेछ ।

४.१.१३ व्यवसायीक रुपमा चिया खेती भएका क्षेत्रहरुमा सडक, सिंचाई, विजूली, संचार शिक्षा तथा स्वास्थ्य जस्ता पुर्वाधार विकास गर्न श्री ५ को सरकारले प्राथमिकता दिनेछ ।

४.१.१४ चिया उद्योग संचालन गर्दा चाहिने ईन्धनको आपुर्ति स्थानिय आपूर्तिमा असर नपर्नेगरी आवधिक परिमाण तोकि उद्योमीहरुलाई सोझै सम्बन्धित बन आपूर्ति समितिबाट उपलब्ध हुने व्यवस्था गर्ने तथा चिया खेती भित्र लगाइएका रुख आफैले प्रयोग गर्न सकिनेछ ।

४.१.१५ चिया व्यवसायको लागि चाहिने रासायनिक मल, किटनाशक, झारनाशक र रोगनाशक औषधी तथा कृषि सामाग्री आदि अन्य मुलुकबाट आयात गर्न दिईनेछ ।

४.१.१६ चिया व्यवसायीहरुबाट प्रांप्त हूने सेस, श्री ५ को सरकारबाट बिकासको लागी प्राप्त हुने अनुदान, लिजबाट प्राप्त हुने रकम, अन्तराष्ट्रिय गैरसरकारी दातृ संस्थाहरुबाट प्राप्त हुने सहयोग तथा वैदेशिक सहयोग अनुदान आदि रकमबाट चिया विकास कोष स्थापना गरीनेछ र सो कोष निजी क्षेत्रको सहभागीतामा चियाको विकास तथा विस्तारमा उपयोग गरीनेछ ।

४.१.१७ चक्लाबन्दीलाई प्रोत्साहित गर्न देहायका कार्यहरुलाई प्राथमिकता दिईनेछ ।

४.१.१७.१ चिया खेतीको लागि जग्गा खरिद गर्न सरल व्याजदरमा ऋणको व्यवस्था गरिनेछ ।

४.१.१७.२ चिया खेती द्धारा चाक्लाबन्दी विस्तार गर्ने कार्यलाई कानूनी रुपमा प्रोत्साहन गरिनेछ ।

४.१.१८ सम्भाव्यता अध्ययनको आधारमा कम्तीमा ३००० रोपनी क्षेत्रफलमा चिया खेती हुने ठाउंलाई चिया क्षेत्र घोषणा गरि ति ठाउंमा विद्युत, संचार सेवा र कृषि सडक जस्ता पूर्वाधार विकास गर्न प्राथमिकता दिइनेछ ।

४.१.१९ चिया बजारको सम्भाव्यता अध्ययन गरि त्यसबाट प्राप्त हुने सूचनाहरु चिया व्यसायीहरुलाई उपलब्ध गराईनेछ ।

## ४.२ बजार तथा व्यापार प्रवर्द्धनः

४.२.१ चियालाई अन्तराष्ट्रिय बजार प्रणालीमा प्रवेश गराउन निजी क्षेत्रको सहभागीतामा लिलाम प्रणालीको विकास गरिनेछ । यसका लागी आवश्यक पुर्वाधार विकाश गरिनेछ ।

४.२.२ कृषि तथा सहकारी मन्त्रालयको योजना महाशाखा (कृषि व्यवसाय प्रवर्द्धन इकाई), कृषि उद्यम केन्द्र (नेपाल उद्योग वाणिज्य महासंघ), व्यापार प्रवर्द्धन केन्द्र, शाही नेपाली राजदुतावास तथा वैदेशिक नियोगहरुसंग समन्वय गरी चिया निर्यात अभिवृद्धि कार्य परिचालन गरीनेछ । पर्यटन मन्त्रालय अन्तर्गतबाट प्रकाशित गरिने अन्तराष्ट्रियस्तरको पोष्टर, पम्लेपेट तथा बुकलेटहरुमा चियाको उत्पादन, परिमाण, गुणस्तर र उत्पादन क्षेत्र आदिको चिनारी समावेश गरिनेछ ।

४.२.३ चिया निर्यातका लागी आयात गरिने प्याकिङ मेटेरियलमा कृषि सामाग्री सरह न्यूनतम भंसार महसुल लाग्नेछ ।

४.२.४ चिया निर्यात गर्दा एक पटकमा एक कन्टेनर बराबरको परिमाण मात्र निर्यात गर्नु परेमा विना प्रतीत पत्र (एल.सी) पठाउन सकिने व्यवस्था गरिनेछ ।

४.२.५ भारतमा चिया निर्यात गर्दा पनि अन्य मुलुकमा निर्यात गरे सरह सुविधा दिइनेछ।

४.२.६ स्वदेशी चियाको ब्राण्डहरु बिकसीत तथा स्थापित गर्दै लान प्याकिङ्ग उद्योगलाई समुयोचित सुधार गर्न प्रोत्साहित गरिदै लगिनेछ ।

४.२.७ खुला चिया भन्दा मूल्य अभिबृद्धि भएको प्याकेट चियालाई बिक्री वितरण तथा निर्यात गर्न प्रोत्साहित गरिनेछ ।

४.२.८ साना र सहकारी चिया ब्यवसायीहरुलाई ब्यापार मेला, ब्यापार प्रदर्शनी, कार्याशाला गोष्ठी, आदिमा चिया बिकास कोषबाट खर्च ब्योहोर्ने गरी भाग लिन प्रोत्साहित गरिनेछ ।

## ४.३ संस्थागत व्यवस्थाः

यस नीतिको प्रभावकारी कार्यान्वयनको लागि बोर्डले देहायका कार्यहरु गर्नेछः

४.३.१ चिया खेती संबन्धी आवश्यक अध्ययन अनुसन्धान गरी प्राविधिक परामर्श एवं सहयोग प्रदान गर्न र चियाको उन्नत विरुवा विदेशबाट ल्याई संख्यात्मक बृद्धिगरी विक्री वितरणको व्यवस्था गर्ने ।

४.३.२ साना किसानलाई चियाको कटिङ्ग ढुवानी गर्न ढुवानी अनुदान दिने ।

४.३.३ साना किसान तथा सहकारी चिया खेतीलाई प्राविधिक सेवा सुविधा निशुल्क रुपमा उपलब्ध गराउने ।

४.३.४ चिया व्यवसाय संचालन गर्न रजिष्ट्रेशन दस्तुर, जग्गाको हदवन्दी, मालपोत आदिमा छुटको सुविधा प्रदान गर्न , मेशीनरी, सिंचाई सामाग्री, प्याकिङ्ग मेटेरियल,

उपकरण संरचना आयात गर्दा सो मा लाग्ने भन्सार सुविधा, उपलब्ध गराउन एवं प्रतीतपत्र सुविधा र राष्ट्रिय प्रतीक चिन्ह राखिने कार्यका लागी स्थलगत निरीक्षण गरी सम्बन्धीत निकायमा सिफारीस गर्ने ।

४.३.५ चिया व्यवसायको लागि आवश्यक पर्ने ऋण, कीटनाशक औषधी, रासायनिक मल, कृषि सामाग्री र ईन्धन आदीको सिफारीस गर्ने ।

४.३.६ देशमा भएका चिया व्यवसायीहरुको व्यवसाय दर्ता सम्बन्धी जानकारी राख्ने ।

४.३.७ चिया व्यवसायको नियमित निरीक्षण तथा अनुगमन गरी सो अनुरुप कार्य नभएमा उपरोक्त अनुसार दिईएको सुविधाबाट बन्चित गर्ने ।

४.३.८ चिया व्यवसायलाई प्रोत्साहन गर्न उत्कृष्ट उत्पादक, प्रशोधनकर्ता, चिया प्याकिङ्ग उद्योग तथा निर्यातकर्तालाई वार्षिक रुपमा पुरस्कार तथा कदरपत्र प्रदान गर्ने व्यवस्था गर्ने ।

४.३.९ चिया व्यवसायको समुचित विकासको लागि सूचना मुलक सामाग्री उपलब्ध गराउन चियाको क्षेत्रफल, उत्पादन विवरण, लिलाम परिमाण, उत्पादक, प्रशोधक, निकासी कर्ता, आयात कर्ता र अनूसन्धानकर्ता आदीको अद्यावधिक अभिलेख राख्ने र आवधिकरुपमा श्री ५ को सरकार र सम्बन्ध पक्षलाई उपलव्ध गराउने ।

४.३.१० श्री ५ को सरकारको स्वीकृति लिई चिया सम्बन्धी अन्तराष्ट्रिय संघ, संस्थासंग सम्बन्ध स्थापित गर्ने, सन्धी सम्झौता गर्ने तथा अन्य सहकार्यहरु गर्ने ।

४.३.११ चिया व्यवसायको निरन्तर विकासको लागि निजी क्षेत्रको समेत सहभागीताबाट बोर्डलाई एक स्वायत्त संस्थाको रुपमा विकास गर्ने । वोर्डले चिया उत्पादन, प्रशोधन, जग्गा लिजमा दिने, विभिन्न सिफारीस तथा परामर्श दिने र यी कार्य प्रदान गरे वापत श्री ५ को सरकारको स्वीकृति लिई वोर्डले शुल्क लिने ।

४.३.१२ चिया सम्बन्धी अध्ययन, अनुसंन्धान, बजार विकास आदिको राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरका सूचनाहरु संकलन, सम्प्रेषण गरि चिया ब्यवसायिहरुलाई उपलब्ध गराउने कार्य गर्ने ।

४.३.१३ चिया संग सम्बद्ध सबै निकायहरुले नियमित रुपमा तथ्याङ्क तथा अन्य सम्बन्धित सूचनाहरु उपलब्ध गराउन पर्ने ब्यवस्था मिलाउने र त्यसको ब्यवसायिक दुरुपयोग हुन नदिने व्यवस्था गर्ने । यसरी प्राप्त सूचनाहरुलाई नीति निर्माण, अनुसन्धान, बिश्लेषण र बजार प्रबर्धनमा उपयोग गर्ने ।

४.३.१४विश्व विद्यालय र त्चबमभ क्अजययकि संग आबद्ध भई जनशक्ति विकास र अध्ययन अनुसन्धान गराउने कार्य गर्ने ।

४.३.१५निर्यात प्रबर्द्धन कोष संग समन्वय राखि कार्य गर्ने ।

४.३.१६चिया विकास कोषको सञ्चालनमा कोषमा बढीमा लगानी गर्नेहरुको बाहूल्यता कायम गर्ने ।

४.३.१७ यस नितीमा उल्लेखित व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन गर्नको लागि समय समयमा आवश्यक सुझाबहरु श्री ५ को सरकारमा पेश गर्ने ।

**४.४ जनशक्ति विकासः**

४.४.१ नेपाल कृषि अनुसन्धान परिषद, अन्तराष्ट्रिय सहयोग तथा नीजि क्षेत्रको सहभागीतामा चिया अनुसन्धान तथा तालिम केन्द्रको स्थापना गरिनेछ ।

४.४.२ साना किसान, चिया कृषक र सहकारी चियामा कार्यरत जनशक्तिलाई चिया विकास कोषबाट स्वदेशी तथा वैदेशिक तालीमको प्रबन्ध गरिने र अन्य व्यवसायिहरुको हकमा त्यस्तो खर्च निजहरु स्वयंमले ब्योहोर्ने व्यवस्था गरिनेछ ।

४.४.३ जनशक्ति विकासलाई प्रोत्साहित गर्न अन्य व्यवसायीले तालिममा गर्ने लगानीमा आयकर मुक्त गरिनेछ ।

४.४.४ सेवा विस्तार गर्ने प्राविधिकहरुलाई समय समयमा प्रशिक्षणको प्रवन्ध गरिनेछ ।

**४.५ सहायक उद्योगहरुको विकास तथा प्रवर्धनः**

४.५.१ चियालाई मुल्य अभिबृद्धिगरि स्थानिय स्तरमा बिक्री गर्दा वा निर्यात गर्दा मूलूकलाई बढी फाईदा पूग्ने भएकोले यसलाई प्रोत्साहित गर्ने गरि प्याकेजिङ्ग उद्योगका लागी आयात गरिने मेसिनहरुमा न्युनतम दरको भन्सार महसूल मात्र लगाईने छ ।

४.५.२ नेपालमा उत्पादित चियालाई प्याकेजिङ्ग गरि निर्यात गर्न आवश्यक प्याकेजिङ्ग सामाग्रीहरु पैठारी गर्दा लाग्ने महसूल ूम्गतथ म्चबध दबअपू को सूबिधा अन्तर्गत फिर्ता दिइने छ ।

४.५.३ चिया निर्यातको उद्येश्य राखि खोलिएका र सो अनुसारकार्य गरेका प्याकेजिङ्ग उद्योगहरुलाई ५ वर्ष सम्म आयकर मुक्त गरिने व्यवस्था गरिने छ ।

**४.६ बोर्ड को आर्थिक श्रोतः**

४.६.१ बोर्डको रेखदेख र नियन्त्रणमा दफा ४.१.१६ बमोजिम स्थापित चिया बिकास कोष मा देहाय बमोजिमका रकमहरु रहनेछन् कोषको संचालन स्वीकृत निर्देशिका बमोजिम हुनेछ ।

४.६.१.१ राष्ट्रिय चिया तथा कफी विकास वोर्ड ऐन, २०४९ ले दिएको अधिकार प्रयोग गरी सेस (सेवा शुल्क) बापत चिया उत्पादन कर्ताबाट ५० पैसा प्रति के.जी, निर्यात कर्ताबाट १० पैसा प्रति के.जी र आयात कर्ताबाट ५० पैसा प्रति के.जी.का दरले प्राप्त रकम ।

४.६.१.२ राष्ट्रिय, अन्तराष्ट्रिय संघ संस्था एवं अन्यश्रोतबाट चियाको बिकास तथा अनुसन्धानको लागी प्राप्त रकम ।

४.६.१.३ लिजबाट प्राप्त भएको रकम ।

४.६.२ बोर्डले श्री ५ को सरकारबाट साल वसाली प्राप्त हुने बजेट बाहेक देहाय बमोजिमको श्रोतबाट रकम प्राप्त गरी बोर्ड संचालनको कार्यमा प्रयोग गर्नेछ ।

४.६.२.१ विभिन्न सिफारीस, परामर्श गरे बापत लगाएको शुल्कबाट प्राप्त हुने रकम ।

४.६.२.२ बोर्ड मातहतका चिया विस्तार आयोजनाबाट आम्दानी हुने रकम ।

४.६.२.१ अन्य श्रोतबाट प्राप्त हुने रकम ।

**४.७ कानूनी संरचनामा सुधारः**

४.७.१ राष्ट्रिय चिया तथा कफी बोर्ड ऐन, २०४९ को दफा ८ को उपदफा १ बमोजिमको कार्यकारी समितिमा भूमिमिसुधार बन तथा भुमिसंरक्षण, कृषि तथा सहकारी, अर्थ र उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवहरु, नेपाल राष्ट्र बैंकको गर्भनर र चिया व्यवसायबाट सबै क्षेत्र समेटने गरी संस्थागत प्रतिनिधीत्व गराउन र श्री ५को सरकारको प्रतिनिधी एवं चिया व्यवसायीहरुको प्रतिनिधी समानुपातिक रुपमा हूने गरी आवश्यक कानूनी सुधार गरिने छ ।

४.७.२ राष्ट्रिय चिया विकास नीति कार्यान्वयन गर्नको लागी बोर्डको कार्यकारी समितिले आफूमध्येबाट कार्य संचालन समिति गठन गर्ने व्यवस्था मिलाइने छ ।